**KMC Journal**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1709 (Print)
Published by the Research Management Cell
Kailali Multiple Campus, Dhangadhi
Far Western University, Nepal
DOI: https://doi.org/10.3126/kmcj.v5i2.58252

# वानीरा गिरिका कवितामा वरणस्वतन्त्रता

**निर्मला ढकाल**
विद्यावारिधि शोधकार्यरत, त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्रसङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, नेपाल
Email: nirmaladhakal165@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययन वानीरा गिरिका कवितामा अस्तित्ववाद तथा त्यससम्बद्ध वरणस्वतन्त्रताको विश्लेषणमा केन्द्रित छ । नेपाली नारी साहित्यमा वानीरा गिरि आख्यान, कविता, निबन्ध र नियात्रा लेखनका लागि परिचित नाम हो भने उनको मुख्य साहित्यिक प्रवृत्ति अस्तित्ववादी दर्शनको प्रस्तुति हो । मानवजीवनलाई व्यक्तिगत अस्तित्वको अर्थमा, जीवनको व्यक्तिगत अनुभवका आधारमा मात्र बुझ्न सकिन्छ भन्ने सन्दर्भबाट नामकरण र दार्शनिक आधार प्राप्त मान्छेको मूलसमस्या पहिल्याउनु र त्यसैको परिप्रेक्ष्यमा जीवनको सत्य खुट्याउने अस्तित्ववाद मानवदर्शन हो । अस्तित्ववादले व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पारी भ्रममुक्त भएको एउटा शून्यको बिन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई चिन्ने र प्राप्त गर्ने आत्मविश्वास व्यक्तिभित्र जगाई जीवनको निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता र विवशताको बोधबाट उत्पन्न नैराश्य र व्यक्तिप्रति स्वयम्लाई उत्तरदायी बनाउने विषय अस्तित्ववादको सैद्धान्तिक स्रोत हो भने व्यक्तिमहत्व यसको विश्लेषणीय पक्ष हो । प्रस्तुत सैद्धान्तिक आधारअन्तर्गत वरणस्वतन्त्रता यस अध्ययनको विश्लेष्य पक्ष हो भने चयनको अभिव्यक्ति, व्यक्तिसत्ता र उत्तरदायित्व विश्लेषण ढाँचा हो । गिरिका कवितामा वरणस्वतन्त्रताको अभिव्यञ्जना सशक्त रूपमा भएको छ । व्यक्तिको पहिचान अन्यव्यक्ति तथा समाजका सापेक्षमा स्थापित हुनका लागि उसको चयन नै शक्तिशाली रहने विषयका साथै व्यक्ति रहेकै कारण स्वयम्को अस्तित्व सार्थक रहने धारणामा व्यक्तिसत्ता प्रबल रहेको छ भने व्यक्तिले स्वतन्त्रतावरणको निर्णयको भागीदार हुनुपर्दाको क्षण तथा त्यसको उत्तरदायित्वका लागि तयार मानसिकताको चित्रण सशक्त प्रवाहित रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* वैयक्तिक चयन, व्यक्तिसत्ता, उत्तरदायित्व, अन्यपन, चयन

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

## परिचय

नेपाली साहित्यको उत्तरार्द्ध चरणकी स्रष्टा वानीरा गिरि (२००३-२०७८) नेपाली साहित्य जगतमा स्थापित साहित्यकार हुन् । उनले नेपाली साहित्यको कविता, आख्यान तथा निबन्धका क्षेत्रमा कलम चलाएकी छिन् । गिरिलाई साहितियक व्यक्तित्व प्रदान गर्ने मुख्य कृतिहरू कारागार (२०३५), निर्बन्ध (२०४२) र शब्दातीत शान्तनु (२०५६) उपन्यास, जीवन थ्यामरू (२०८०) कवितासङ्ग्रह, एउटा जिउँदो जङ्गबहादुर (२०८१) निबन्धसङ्ग्रह, मेरो आविष्कार (२०४१) मुक्तकाकार रचनाविधान रहेको लामो कविता, रोकिनेले आकार दिन सक्तदैन (२०७१), नियात्रा, जंगल जंगल (२०६९) निबन्ध सङ्ग्रह काठमाडौं काठमाडौ कविता सङ्ग्रह लगायत विभिन्न प्रकाशनबाट प्रकाशित बहुकविका कवितासङ्ग्रहमा विविध कविताका अतिरिक्त विभिन्न साहित्यिक र गैरसाहित्यिक पत्रपत्रिकामा कविता र निबन्ध प्रकाशित छन् । नेपाली साहित्यको उत्तरार्द्धमा देखापरेकी गिरिका कवितामा नेपाली समाजको यथास्थितिका कारण नियतिको सिकार भई बाँच्न बाध्य रहेका मानिसको मनोवैज्ञानिक पात्र र तिनको सामाजिक अवस्थितिका बीच अस्तित्ववादी जीवनचेतनाको प्रस्तुति पाइन्छ ।  उनका कविताहरू पुस्तकाकार र कविता सङ्ग्रहका रूपमा प्रकाशित नभइ विभिन्न पत्रपत्रिकाका साथै प्रज्ञा आधुनिक कविता सङ्ग्रह, प्रज्ञा समकालिन प्रतिनिधि नेपाली कविता र प्रज्ञा समकालिन प्रतिनिधि नेपाली नारी कविता, कविता जस्ता कविता सङ्ग्रहमा प्रकाशित भएका छन् । यस अध्ययनका सन्दर्भमा गिरिका प्रकाशित कविता मध्ये लोक्का जवान छ ऊ, चोट, 'म एउटा च्यातिएको पोस्टर', 'दुर्ग अक्षरहरूको', पशुगायत्री',
अबैध सम्बन्ध' कविताहरू मात्र चयन गरी अस्तित्ववादअन्तर्गत वरणस्वतन्त्रतासम्बद्ध सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ ।

मानवजीवनलाई व्यक्तिगत अस्तित्वको अर्थमा, जीवनको व्यक्तिगत अनुभवका आधारमा मात्र बुझ्न सकिन्छ भन्ने उक्तिबाट अस्तित्ववादको नामकरण भएको हो । अस्तित्ववाद मानवदर्शन हो भने मानवीय जीवनका मूल समस्या पहिल्याउनु र त्यसैको परिप्रेक्ष्यमा जीवनको सत्य खुटचाउनु अस्तित्ववादको विशिष्ट अभिप्राय हो । अस्तित्ववादले व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पारी भ्रममुक्त भएको एउटा शून्यको विन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई चिन्ने र प्राप्त गर्ने आत्मविश्वास व्यक्तिभित्र जगाउने कोशिस गर्छ । मानव जीवनको निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता र विवशताको बोधबाट उत्पन्न चरम नैराश्यको भावना नै अस्तित्ववादको सैद्धान्तिक स्रोत हो । अस्तित्ववादको अर्थ व्यक्तिवाद हो भने यसको सिद्धान्तअनुसार केवल व्यक्ति नै सत्य हो । संसारमा मान्छको हुनु कुनै निश्चित प्रयोजन छैन । मान्छे आफ्नो इच्छाविना नै यस पृथ्वीमा अवतरण भएको छ । हरेक मानिस जीवनमा एक्लै छ । मूल्यशून्य भएको यस संसारमा हरेकले आफ्नो मूल्य आफैं निर्धारण गर्नुपर्छ भन्ने मान्यतामा आधारित छ । पाश्चात्य दर्शनका रूपमा नेपाली साहित्यका सृजना र खोज-अनुसन्धानमा समेत स्थान प्राप्त गरेको यस दर्शनले साहित्यिक कृतिमा प्रस्तुत भएका कथ्यविषय, पात्र, परिवेश तथा भाषाशैलीका आधारमा कृतिको अस्तित्ववादी विवेचनाको पर्याधार स्थापित गरेको छ भने वरणस्वतन्त्रताको अभिव्यक्ति यसको एक मानक हो ।

वरणस्वतन्त्रताको अभिप्राय व्यक्तिले अस्तित्वप्राप्तिका लागि गर्ने चयन तथा त्यसको जिम्मेवारी बोध नै हो । स्वतन्त्रताका लागि समाजिक संरचनाका साथै आफूसँगैका व्यक्तिबाट स्वयम्लाई भिन्न तुल्याउनु वरणस्वतन्त्रताको अभिलक्षण हो । व्यक्तिलाई अन्यको उपस्थितिबाट भिन्न तुल्याउने मानवकेन्द्री विषय प्रस्तुत गर्ने वरणस्वतन्त्रताको अवधारणाकै आधारमा अस्तित्ववाद व्यक्तिकेन्द्री दर्शनमा स्थापित भएको हो । आधुनिक नेपाली साहित्यको प्रमुख प्राप्ति रहेको अस्तित्ववाद र यसलाई शक्तिशाली तुल्याउने उत्तरार्द्ध चरणसँग सम्बन्धित स्रष्टा गिरिका कवितामा वरणस्वतन्त्रता मुख्य विषय रहेकै छ । यसप्रकारका अध्ययनमा अस्तित्ववादको विषय साङ्केतिक र प्रवृत्तिपरक ढाँचामा प्रस्तुत गरिएको भए पनि यसको विशिष्टीकृत अध्ययनमा रिक्तता रहेको छ । यस कोणबाट हुननसकेको रिक्तताको परिपूर्तिका लागि यस अध्ययनको  औचित्य स्थापित हुने देखिन्छ ।

प्रस्तुत अध्ययनको मुख्य प्राज्ञिक समस्या वानीरा गिरिका कवितामा अस्तित्ववादको अभिव्यक्तिअन्तर्गत वरणस्वतन्त्रता कुन रूपमा भएको छ भन्ने जिज्ञासा नै हो । गिरिका कविताका सम्बन्धमा भएका अध्ययन विधासैद्धान्तिक, वैचारिकी, प्रभावपरक तथा सौन्दर्यचिन्तनका आधारमा भएको तथा तिनमा वरणस्वतन्त्रताको विषय मुखर रहेको पक्ष साङ्केतिक ढाँचामा प्रस्तुत भएको छ । यस अध्ययनमा कवितामा वरण स्वतन्त्रता मुख्य शोधसमस्याको समाधानका लागि निम्नलिखित शोध्यप्रश्न निर्धारण गरिएका छन् ।

(१) कवितामा वैयक्तिक चयन केकस्तो छ ?
(२) कवितामा व्यक्तिसत्ता कसरी प्रस्तुत भएको छ ?
(३) कवितामा उत्तरदायित्वबोध अभिव्यञ्जना केकस्तो छ ?

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य वानीरा गिरिका कवितामा प्रस्तुत वरणस्वतन्त्रताको विवेचनाका आधारमा अस्तित्ववादको विवेचना गर्नु नै हो । विश्लेषणका लागि चयन गरिएका प्रतिनिधिमूलक रचना तथा तिनमा अभिव्यक्त वैयक्तिक चयन, व्यक्तिसत्ता र उत्तरदायित्वबोधका आधारमा वरणस्वतन्त्रता तथा यसका आधारमा अस्तित्ववादको विश्लेषण र अर्थापन गरिने हुँदा यस अध्ययनको प्रज्ञिक औचित्य र महत्त्वको पनि पुष्टि हुन्छ । अस्तित्ववादअन्तर्गत वरणस्वतन्त्रता यस अध्ययनको सैद्धान्तिक सीमाङ्कन हो भने विश्लेषणका लागि चयन गरिएका 'लोक्का जवान छ ऊ', 'चोट', 'म एउटा च्यातिएको पोस्टर', 'दुर्ग अक्षरहरूको', पशुगायत्री' र 'अबैध सम्बन्ध' कविताका अतिरिक्त अन्य कविता विषय र शोधक्षेत्रगत सीमाङ्कन हुन् ।

## अध्ययनविधि

यस शोधकार्य सम्पन्न गर्नका लागि शोधक्षेत्र र सामग्री सङ्कलन तथा विश्लेषणविधिअन्तर्गत सामग्री विश्लेषणको दार्शनिक, सैद्धान्तिक तथा विश्लेषणका पद्धतिसम्बद्ध विषयलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### सामग्री सङ्कलन र विश्लेषणविधि

प्रस्तुत अध्ययन पुस्तकालयीय कार्य रहेको छ भने यसका लागि वानीरा गिरिका कविताको

सोद्देश्य पठन गरी चयन भएका कविता रहेका छन् । यस शोधकार्यका लागि सामग्रीको सङ्कलन सोद्देश्यविधिअन्तर्गत गिरिका वरणस्वतन्त्रताको अभिव्यक्ति सघन रहेका कविता चयन गरिएको छ । यसमा प्राथमिक र द्वितीयक स्रोतका सामग्री रहनेछन् । प्राथमिक स्रोतअन्तर्गत कविता रहेका छन् । विश्लेषणका लागि निर्धारण गरिएका मानकसँग सम्बन्धित सघन कथ्य प्रस्तुत भएका उद्धरणको चयन गरी तिनका आधारमा अस्तित्ववादको विवेचना गरिएको छ । द्वितीयक सामग्रीअन्तर्गत सैद्धान्तिक पर्याधार निर्माण गर्ने प्रयोजनसँग सम्बन्धित सामग्री रहनेछ । कृतिश्लेषणको मुख्य सिद्धान्तका स्थानमा अस्तित्ववाद रहेको छ । प्रस्तुत अध्ययनको दार्शनिक आधार अस्तित्ववादी दर्शन र यसका आधारमा निर्धारण भएको सिद्धान्त रहेको छ । अस्तित्ववादले अघिसारेका साहित्यकेन्द्री मानकका रूपमा अस्तित्ववादले स्थापित गरेका वरणस्वतन्त्रता तथा त्यसको विवेचना गर्ने उपकरणका रूपमा वैयक्तिक चयन वा छनोटको स्वतन्त्रता, व्यक्तिसत्ता तथा स्वतन्त्रताका लागि पीडा र उत्तरदायित्वबोध यसको सैद्धान्तिक पर्याधारका रूपमा रहको छ । चयन गरिएका कविताको विश्लेषणसँगै कार्यपत्रको पूर्णताका लागि पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको भने यसको पूर्णताका लागि विवेचना, विश्लेषण, र मूल्याङ्कनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी  गिरिका कविता अस्तित्ववादी कोणबाट अध्ययनीय रहेको विषयलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

अस्तित्ववाद अङ्ग्रेजी भाषाको एक्जेस्टिनिज्मको नेपाली रूपान्तर भई नेपाली सृजना र समालोचना परम्परामा पारिभाषिक शब्दका रूपमा स्वीकृत र स्थापित रहेको छ । विश्वयुद्धको महामारी एवं विभीषिकाबाट पीडित तथा सङ्कटग्रस्त रहेको मानव अस्तित्व तथा भयग्रस्त पर्यावरणका बीच मानव पहिचान र बाँच्नका लागि व्यक्तिको स्वपहिचानलाई प्राथमिकतामा राखी स्थापना भएको मानवतावादी दर्शन रहेको छ । फ्रान्सेली दार्शनिकले स्थापना गरेको यस दर्शनको आधारका रूपमा आध्यात्मिक मानवतावादको विशेष भूमिका रहेको छ भने यसले मानवअस्तित्व र पहिचानको विषयलाई प्राथमिकतामा राखी मानवकेन्द्री दर्शनको साख प्राप्त गरेको छ । बहुअनुशासनात्मक विषयका रूपमा राजनीतिशास्त्रको मुख्य दर्शन र सिद्धान्तका रूपमा रहेको अस्तित्ववादले साहित्यमा अन्तर अनुशासनात्मक समालोचना पद्धतिको स्थान प्राप्त गरेको छ । यसको अन्तरअनुशासनात्मक प्रकृतिका रूपमा मानवतावादी दर्शनको प्रतिनिधित्व गर्ने आध्यात्मिक नीतिवादी चेतनादेखि विसङ्गत निरीश्वरवादी भौतिक चेतना, मनोविज्ञान तथा यथार्थवादी दर्शनको समुच्चय जस्ता विषयको उपस्थितिले पुष्टि गर्दछ । अस्तित्ववादका विषयमा सार्त्रको विचार यसप्रकारको छ :

> अस्तित्ववाद मानवीय स्वतन्त्रताका आधारमा मान्छेलाई वैयक्तिक अस्थासँग जोड्ने विषयका रूपमा परम्पराले अस्वीकार गर्ने व्यक्तिसत्ताको विरोधको औचित्य नरहेको तथा व्यक्तिसत्ताका कारण मान्छे सङ्घर्षका साथ जीवित रहने महत्त्वपूर्ण पक्षको पृष्ठपोषणका साथै मान्छेलाई व्यक्ति, समूह, समाज र मानव एकताबाट पार्थक्य गरी एकल मानवको परिकल्पना गर्ने विषय नभई अस्तित्वबोधका कारण परस्परमा मानवीय एकतालाई सशक्त तुल्याउने विषय हो (सार्त्र, २०११ सन्, पृ. ५) ।

अस्तित्ववाद मान्छे मात्रसँग सम्बन्धित दर्शन रहेकाले यसले मान्छेको स्वतन्त्रता तथा त्यसको प्रप्तिका लागि मान्छेले व्यहोर्नु पर्ने विषयको अध्ययन गर्दछ । जीवनप्रति मान्छेको दृष्टिकोण स्वतन्त्र रहनुपर्ने तथा जीवनप्रतिको स्वतन्त्र निर्णयका कारण मान्छेमा भिन्नता रहने हुँदा मान्छेको स्वपहिचानलाई स्थापित गर्ने भाष्य हो (कडन, २०१३, पृ. २६०) । मान्छे, मान्छेको मूल्य, स्व र अहम्का साथ मानवीय मूल्यको स्थापना गर्ने विषय रहेको तथ्यलाई यसको मुख्य विषयका रूपमा अघिसारेको छ । मान्छे, मान्छेका चेतना, मान्छेको परिवेश तथा मान्छेको सङ्घर्षशील व्यक्तित्वको सम्मान र स्वाभिमानलाई स्थापित गर्ने विषय अस्तित्ववादको केन्द्रमा रहेको छ (नागेन्द्र, १९९८, पृ. ७२) । साहित्य दर्शनका रूपमा अस्तित्ववादी दर्शनको प्रभाव सबै विधामा समानान्तर रूपमा वितरित रहेको छ भने यसका विविध मानक अध्ययन गर्ने उपकरणका रूपमा स्थापित भएका छन् । जसअन्तर्गत वरणस्वतन्त्रता एक हो ।

वरणस्वतन्त्रता अस्तित्ववादी दर्शनको अध्ययन गर्ने सशक्त मान्यता हो । अस्तित्ववादमा वरणस्वतन्त्रताको मान्यता स्थापित गर्ने श्रेय जाँ पाल सार्त्रलाई जान्छ भने उनले व्यक्तिको वरणस्वतन्त्रता र स्वतन्त्रता प्राप्तिपछि मान्छेले बहन गर्नुपर्ने उत्तरदायित्वबोध यसको अन्तर्वस्तु रहने अवधारणा प्रस्तुत गरेका छन् । मानवीय अस्तित्वको केन्द्र भन्नु नै उसको व्यक्तिगत स्वतन्त्रता हो भने मान्छेले आफूलाई जे बनाउँछ त्यसबाहेक ऊ केही पनि होइन, यसको अर्थ के हो भने ऊ जे भएको छ त्यसका लागि ऊ स्वयं उत्तरदायी हुन्छ (हार्डर, १९५३, पृ. ५३८) । मान्छे जे हुन्छ त्यो उसको वरणस्वतन्त्रताकै परिणति हो भन्ने मत सार्त्रले अघिसारेका छन् । उनले मानिस जे चाहन्छ त्यो गर्न ऊ स्वतन्त्र छ तर उसले त्यो गर्न रोज्नैपर्ने हुन्छ (पाण्डे, २०६२, पृ. ६१) । यसरी हरेक मान्छे जे जस्तो अवस्थाबाट गुज्रिरहेको हुन्छ त्यो उसको स्वतन्त्र निर्णय वा वरणस्वतन्त्रताकै परिणति हो भन्ने मान्यता अस्तित्ववादीहरूले अघिसारेका छन् । आफूले भोगेको अवस्था आफ्नै स्वतन्त्र निर्णय हो भन्ने मान्यता अस्तित्ववादीहरूले अघिसारेका छन् । आफूले भोगेको अवस्था आफ्नै स्वतन्त्र निर्णय वा वरणस्वतन्त्रताकै परिणाम हुने हुँदा उसको आफ्नो त्यस किसिमको अवस्थाप्रतिको गहन उत्तरदायित्व पनि रहेको हुन्छ । अस्तित्ववादीहरू वरणस्वतन्त्रताकै कारण भोग्नु परेको अवस्थाप्रति ऊ उत्तरदायित्वबोध गर्न बाध्य हुन्छ भन्ने ठान्छन् । मान्छे स्वतन्त्र हुनलाई दण्डित छ भन्ने मान्यता राख्ने अस्तित्ववादीहरू मान्छे चाहेर पनि आफ्नो वरणस्वतन्त्रताबाट भाग्न सक्दैन किनभने नछान्नु पनि उसकै स्वतन्त्र निर्णय हुने हुँदा ऊ सधैँ आफ्नो वरणस्वतन्त्रताको उपयोग गरिरहेको हुन्छ भन्ने मान्दछन् । सार्त्रका अनुसार परम्परा, परिवेश र जैविक स्वभावका बाध्यताबाट स्वतन्त्र भई आफ्ना निर्णय र उत्तरदायित्वका विसङ्गति कुण्डमा होमिएर व्यक्तिले आफ्नो स्वसत्ता वा अस्मितालाई प्रमाणित गर्ने वेदनादायी प्रयास गर्नै पर्दछ (त्रिपाठी, २०६५, पृ. १३१) । मान्छे आफ्नो जीवनमा बाँच्नका लागि जस्तोसुकै पनि निर्णय गर्न स्वतन्त्र छ र आफ्नो अस्तित्व स्थापनाका लागि लिएको त्यस्तो निर्णयबाट आउने परिणामको उत्तरदायित्व पनि बेहोर्न ऊ बाध्य छ भन्ने मान्यता अस्तित्ववादले अघिसारेको छ ।

मान्छेले जीवनमा बेहोर्नु पर्ने एकाकीबोध उसको मुख्य पीडा हो भन्ने मान्यता अस्तित्ववादी दर्शनमा पाइन्छ । सार्त्र नै यस मान्यतालाई अघिसार्ने मुख्य अस्तित्ववादी चिन्तक हुन् । उनले

मान्छेले यस संसारमा आफूलाई एक्लै फालिएको अवस्थामा पाएको हुन्छ र उसले एक्लै नै आफूलाई बनाउनुपर्दछ भनेका छन् (टुलक, सन् १९५२, पृ. ४१) । यसरी मान्छेले यस संसारमा आफूलाई एक्लै फालिएको अवस्थामा पाउने हुँदा ऊ आफ्नो वरणस्वतन्त्रताका कारण एक्लै आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्दछ अनि यही संघर्ष गर्दागर्दै एक दिन ऊ मृत्युलाई अँगाल्न पुग्दछ । चेतनायुक्त मान्छे यस संसारमा एक्लो एवं असहाय छ, दुर्बल छ अनि नियतिको क्रुर खेलको सिकार बन्न पुगेको छ र ऊ यही अवस्थामा सधैं ऊ यताउति भड्किरहेको हुन्छ । स्वतन्त्र हुन दण्डित रहेको हरेक मान्छे आफ्नो स्वतन्त्रता र बाँच्नुको बाध्यताले अरू मान्छे भन्दा फरक अस्तित्व लिएर एक्लै बाँच्न बाध्य भएको हुन्छ । यस किसिमको एकाकीबोधले व्यक्ति एकातिर पीडामा पर्छ भने अर्कातिर त्यही पीडामा पनि उसले अस्तित्वको बोध गरिरहेको हुन्छ । आफ्नो चेतना एवं वरणस्वतन्त्रताका कारण एक्लै बाँच्नका लागि अभिशप्त हुनु नै व्यक्तिका जीवनको सबैभन्दा ठूलो बिडम्बना पनि हो । एक्लै जन्मिएका मान्छे एक्लै सङ्घर्ष गर्छ अनि त्यही सङ्घर्षद्वारा ऊ एक्लै आफ्नो  जीवनलाई नयाँ मूल्य र अर्थ दिन्छ तर यस कामका लागि उसका कोही पनि सहयोगी वा सहायक हुँदैनन्, त्यसैले सधैँ एक्लोपन वा एकाकीबोध गरेर बाँच्न बाध्य मानिसका लागि यो सबैभन्दा ठूलो पीडा हो भन्ने मान्यता अस्तित्ववादले अघिसारेको छ ।

अस्तित्ववादका आधारभूत पक्षका रूपमा वैयक्तिक चयन व्यक्तिको वरणस्वतन्त्रता प्राप्त गर्ने अझ भनौं अस्तित्वबोध गर्ने प्रथम प्रस्थान रहेको छ । अस्तित्ववाद व्यक्तिले आफ्नो जीवनका विषयमा स्वतन्त्र निर्णय गर्न पाउने तथा यसका लागि सामाजिक सांस्कृतिक विधानलाई बाधक मान्ने दर्शन रहेकाले यसले व्यक्ति र उसको चयनलाई नै अस्तित्वबोधको पहिलो आधार मान्दछ । व्यक्ति स्वयम्का लागि सत्ता तथा सत्ता निधारण गर्ने आधार र कारक पनि रहेकाले व्यक्तिको चयन नै उसका लागि सत्ता अर्थात् अस्तित्व प्राप्त गर्ने पहिलो आधार हो (हुर्सल, १९७०, पृ. १६७) । मान्छे निरूद्देश्य धर्तीमा बिना प्रयोजन फालिएको वस्तुका रूपमा परिभाषा गर्ने अस्तित्ववादले जबसम्म व्यक्ति आफ्नो चयनअनुरूप जीवन सञ्चालन गर्ने तथा सत्ताको अनुभव गर्दैन तबसम्म उसको जीवनको औचित्य पुष्टि हुननसक्ने तर्क राख्दछ भने उसले अस्तित्व प्राप्ति वा बोधका लागि प्रत्येक व्यक्तिभिन्न चयन अवलम्बन गर्न आवश्यक छ ।  व्यक्तिले आफ्ना विषयमा गरेका निर्धारण गरेको चयनले नै उसलाई सामाजिक-सांस्कृतिक सन्दर्भका साथै दोस्रो व्यक्तिबाट अलग पहिचान दिने विषय रहेकाले एकअर्का भिन्न उन्मुक्ति पाउनका लागि गरिने कार्य वा निर्णय नै चयनको स्वतन्त्रता हो (सार्त्र, २०११, पृ. ६) । चयन स्वतन्त्रताले व्यक्तिलाई आफ्ना बारेमा गरेको निर्णय, त्यसको जवाफदेहिता तथा त्यस कार्यप्रतिको उत्तरदायित्वबोध समेत गराउने भएकाले यो व्यक्तिको पहिचानका साथै मान्छेलाई परस्परमा भिन्न तुल्याउन दिशानिर्देश गर्ने विषय हो । चयनका माध्यमबाट नै व्यक्तिले आफ्ना बारेमा निर्णय गर्नसक्ने तथा प्रतिकुलतासँग अन्तर्सङ्घर्ष गर्न प्ररित गर्ने भएकाले यो मानव अस्तित्वसँग जोडिने दर्शनको हिस्सा बन्नपुगेको हो । अस्तित्ववाद मानव जीवनका शून्यता, रिक्तता, निरर्थकता र निराशाका बीचमा सङ्घर्ष गर्दै जीवनको सार स्थापित गर्ने, स्वतन्त्र भएर बाँच्ने तथा व्यक्ति पहिचानलाई केन्द्रमा राखेर प्रतिकूलतासँग सङ्घर्ष गर्ने सिद्धान्त हो जुन व्यक्तिको चयन एवम् वरणका लागि स्वतन्त्रताको पृष्ठपोषण गर्दछ (हार्भे र हेसेल्टाइन, १९५९/१९६१, पृ. ७८) । मान्छेले आफ्नो अस्तित्व स्थापनाका लागि दोस्रो

व्यक्तिभन्दा पृथक् पहिचान र व्यक्तित्वको परिकल्पना गरी त्यसका आधारमा आफूलाई परिभाषित गर्नु वैयक्तिक चयनको  आधारभूत विषय हो । समाज र संस्कृतिसँगै दोस्रोव्यक्तिभन्दा भिन्न पहिचानका लागि व्यक्तिको चयन नै सर्वोपरि रहने हुँदा यो व्यक्तिलाई सत्तामीमांसासँग जोडी व्यक्तिसत्तालाई सैद्धान्तीकरण गर्ने आधार बनेको छ ।

अस्तित्ववाद व्यक्तिकेन्द्री दर्शन हो र यसले व्यक्ति नै मुख्य हो भन्ने मान्यता प्रस्तुत गर्नु नै यो व्यक्तिकेन्द्री दर्शन रहेको विषय पुष्टि गर्दछ भने अस्तित्ववादमा व्यक्तिसत्ताको भूमिकालाई प्रष्ट पार्ने आधार प्रस्तुत गर्दछ । व्यक्तिसत्ताका माध्यमबाट मानव मात्रको  अस्तित्वका विषयमा अध्ययन गर्ने यस सिद्धान्तले सर्वप्रथम व्यक्तिलाई नै केन्द्रमा राख्दछ भने मान्छे हुनुको अभिप्रायलाई सत्तामीमांसासँग जोड्दछ । मानवीय पहिचानलाई प्रथम प्राथमिकतामा राखी अन्य विषय दोस्रो श्रेणीका रहने विषय प्रस्तुत गर्ने व्यक्तिसत्ता व्यक्तिका सापेक्ष अन्य सबै विषय निष्प्रभावी रहने ज्ञानमीमांसामा आधारित रहेको छ । मानवीय पहिचान तथा व्यक्तिको 'स्व'सँग जोडिने विषय नै सारस्वरूपमा अस्तित्वको सत्ता हो (हाइडेगर, १९६२, पृ. २९) । सर्वप्रथम मान्छे, उसको अस्तित्व तथा त्यसपछि मात्र अन्य विषय आउने भएकाले व्यक्ति नै उसका लागि प्रथम महत्त्वको विषय अथवा सत्ता रहेको पृष्ठपोषण गर्दछ । मान्छे हुनु तथा रहनुको सत्तासँग सम्बन्धित रहने व्यक्तिसत्ताको विषय मान्छेको चयनको स्वतन्त्रतासँगै वरणस्वतन्त्रतासँग जोडिने विषय हो । व्यक्तिसत्ताले मान्छेलाई सत्ताको प्रमुख सारसँग जोड्ने भएकाले यो मानव मानसिकताको सत्तासीमांसासँग स्वतः जोडिने विषय हो । सत्ता भन्नु समग्रमा त्यही विषय हो जो मानव मनोविज्ञानमा केही हुनु वा छ को आभाष उत्पन्न गर्दछ (सार्त्र, २००३, पृ. ३) । व्यक्तिलाई स्वसत्ताको आभाष प्रदान गर्ने तथा त्यसको अभ्यन्तरमा मान्छे अन्यभन्दा भिन्न हुने भएकाले नै अस्तित्ववाद आभाषवादी सिद्धान्त रहेको पुष्टि हुन्छ । व्यक्तिसत्ताले मान्छेलाई एकअर्का भिन्न तुल्याई स्वपहिचान तथा आफ्नोपनतर्फ अभिप्रेरित गर्ने भएकाले अस्तित्वबोध तथा प्राप्तिको अभीन्न अङ्गका रूपमा व्यक्तिसत्ता अध्ययनको विषय बनेको हो । सत्तासम्बन्धी ज्ञानमीमांसाको आदिकालीन अभ्यासदेखि वर्तमानसम्म यसको अस्तित्व समानान्तर ढाँचामा प्रवाहित हुनुको कारण नै मान्छेको स्वसम्बन्धी अवधारणाको निरन्तरता मान्नुपर्दछ । सत्ताको ज्ञानमीमांसा र आधार भन्नु नै जगत्सँगको सम्बन्ध, व्यक्तिको विचार र त्यसमाथिको अतिक्रमणसँग जोडिने भएकाले नै यो व्यक्तिकेन्द्री दर्शन हो (हाइडेगर, १९७७, पृ. ९५) । मान्छेले स्वयम्को अस्तित्व प्राप्ति वा त्यसका लागि सङ्घर्ष गर्नु नै दोस्रो बाट आफूलाई भिन्न तुल्याउनु हो । सत्ताको यो परम्परा मानव चेतनासँगै मनोविज्ञान तथा त्यसको आभाषबाट प्रतिफलित हुने भएकाले व्यक्तिसत्ताको स्थापना वा प्राप्तिपछि त्यसको उत्तरदायित्व पनि स्वयम् व्यक्तिमा नै अन्तर्निर्भर रहन्छ भन्ने विषय सँगसँगै जोडिएर आउने गर्दछ ।

अस्तित्ववादले व्यक्तिले स्वतन्त्रताको वरण गरिसकेपछि प्राप्त हुने व्यक्तिसत्ताको जिम्मेवार निर्णयकर्ता अर्थात् स्वयम् व्यक्ति नै हुने भएकाले यसको दायित्वमा अन्यको कुनै भूमिका नै नरहने पक्ष स्वीकार गरेको छ ।  वरणस्वतन्त्रतालाई स्थापित गर्ने व्यक्तिसत्ताको सबलताले नै मान्छेलाई उत्तरदायी वा उत्तरदायित्वबोधतर्फ अभिमुख तुल्याउँदै निस्सारतातर्फ अभिमुख गराउने भएकाले उत्तरदायित्वबोधको भूमिका भन्नु नै विसङ्गतिको आधार निर्माण गर्न् हो (कामु, २०१३, पृ. ३७६) ।

अस्तित्ववाद मान्छेलाई स्वतन्त्र तथा व्यक्तिको निर्णयलाई नै जीवनको सम्पूर्णता मान्ने दर्शन रहेकाले स्वतन्त्रताको निर्णपछि मान्छेमा आउने निराशा तथा निस्सारताको जवाफदेहिता स्वयम् व्यक्तिमा नै रहने विषयको पृष्ठपोषण गर्दछ । वास्तवमा मान्छेको जीवनजगत् सबै निरूद्देश्य छ तापनि यही निरूद्देश्यता नै वैयक्तिक जीवनको सार्थकता पनि हो भन्ने विषयले मान्छे अथवा व्यक्तिलाई उत्तरदायी तुल्याउँदछ । अस्तित्व प्राप्तिका लागि व्यक्तिको चयन वा वरणस्वतन्त्रताले मात्र निस्सारता, निरर्थकता, अन्धकार तथा शून्यताको अनुभूति तथा त्यसभित्रैबाट स्वपहिचानको बोध हुनु व्यक्ति स्वयम्प्रति उत्तरदायी बन्नु हो । मान्छेले बोध गर्ने यही नियति र यससँगको अन्तर्सङ्घर्षले नै उसलाई उत्तरदायी तुल्याउँछ (नित्से, २००५, पृ. ९२) । अस्तित्ववादको अध्ययन गर्ने मानकका रूपमा उत्तरदायित्वबोध व्यक्तिलाई वरण स्वतन्त्रतासँगै व्यक्तिलाई स्वयम्प्रतिको जिम्मेवारीका लागि सजग र सचेत तुल्याउने विषयको सैद्धान्तिक आधारका साथै अस्तित्वबोधसँग जोडिने मानक हो । उत्तरदायित्वबोध व्यक्तिनिष्ठ रहने भएकाले अस्तित्ववादले व्यक्तिका बारेमा वास्तविक अध्ययन कुनै दर्शन, तर्क या सामाजिक परिवेशका परिप्रेक्ष्यका आधारमा गर्ने नभई यी सब कुराबाट अलग भएर मात्र सम्भव छ भन्ने तर्कको पुष्टिमा केन्द्रित विषय हो भने यसले मान्छेलाई म हुनुको केन्द्रीय सत्ता प्रदान गर्दछ । मान्छेमा म हुनुको बोधबाट उत्पन्न हुने अवसर निरर्थक अनुभूतिभित्रै जीवनको वास्तविकता र जटिलता अङ्गीकार गर्ने स्थिति नै उत्तरदायित्वबोधको आधार हो भने यसले मान्छेलाई एकअर्काबाट भिन्न अस्तित्वको कोटि प्रदान गर्दछ (सार्त्र, २००७, पृ. २४) । समाज वा जीवनसम्बन्धी कुनै निश्चित धारणा वा व्यवस्थाको स्थापना सम्भव छैन । कुनै पनि व्यवस्थाले मान्छेको वैयक्तिक अनुभूति वा अस्तित्वलाई पूर्ण स्वतन्त्रता प्रदान गर्न सक्दैन । यही कारणले गर्दा अस्तित्ववादले हरेक प्रकारको सामाजिक तथा राजनीतिक व्यवस्थालाई मान्छेको वैयक्तिक विवेक वा अस्तित्वका लागि घातक शत्रु मान्ने भएकाले व्यक्तिको चयनको सर्वोच्चतालाई अवलम्बन गर्नका लागि व्यक्ति स्वयम् जिम्मेवार भई अस्तित्वशाली बन्नसक्ने मान्यता नै अस्तित्ववादले अवलम्बन अथवा दिशानिर्देश गरेको वरणस्वतन्त्रताको सैद्धान्तिक प्राप्ति हो जुन अस्तित्ववादी दर्शनको मुख्य आधार मानिन्छ । नेपाली कविता परम्परामा अस्तित्ववादी दर्शनलाई अभ्यन्तरित गरी कविता सिर्जना गर्ने वानीरा गिरिका कवितामा आस्तित्विक चेतनाअन्तर्गत वरणस्वतन्त्रताको अभिव्यक्ति सघन रूपमा प्रस्तुत भएको पाइन्छ भने यस सैद्धान्तिक मान्यताका आधारमा उनका कविता अध्ययनीय सामग्री रहेका छन् ।

## नतिजा र छलफल

यस अध्ययनमा गिरिका कवितामा अभिव्यक्त वरणस्वतन्त्रताको विश्लेषण कवितामा वैयक्तिक चयन, व्यक्तिसत्ता र उत्तरदायित्वबोध उवशीर्षका क्रमशः तल विश्लेषण गरिएको छ ।

### कवितामा वैयक्तिक चयन

वैयक्तिक चयन अस्तित्ववादी विषयको अध्ययन गर्ने मानक हो भने यो अस्तित्ववादी दर्शनअन्तर्गत वरणस्वतन्त्रताको विश्लेषणसँग सम्बन्धित रहन्छ । नेपाली साहित्यमा कथा, कविता, निबन्ध, नियात्रा, उपन्यासजस्ता विषयमा कलम चलाउने वानीरा गिरिका कवितामा अस्तित्ववादी चेतनामा वरणस्वतन्त्रताको अभिव्यक्ति मुखर रहेको पाइन्छ । गिरिका कवितामा अस्तित्ववादी दर्शनलाई

पृष्ठपोषण गर्ने वरणस्वतन्त्रताको अभिव्यक्ति वैयक्तिक चयनका माध्यमबाट प्रस्तुत भएका छन् । वैयक्तिक चयनले व्यक्तिलाई अर्को व्यक्ति वा समाजभन्दा पृथक् तुल्याउने भएकाले उनका कवितामा उयर्पुक्त विषयको प्रस्तुति सघन रहेको छ । वैयक्तिक चयनले व्यक्तिलाई अन्यबाट अलग गर्ने मात्र नभई पहिचान पनि दिने भएकाले व्यक्तिमा चयन र यसको स्वतन्त्रतालाई स्थापित गर्ने भएकाले गिरिका कवितामा यसको उपस्थिति अन्तर्वस्तु, भाषा सारतत्व तथा उद्देश्यका तहमा वितरित रहेको छ । व्यक्तिको चयन नै वैयक्तिक स्वतन्त्रताको कारक रहेकाले जबसम्म व्यक्तिले अन्य व्यक्ति वा समाजभन्दा अलग निर्णय गर्दैन तबसम्म उसको स्वतन्त्रता तथा अस्तित्वको औचित्य नरहने सैद्धान्तिक पक्षको पुष्टि निम्नलिखित पङक्तिमा मुखर भएको छ :

कत्ति सुदर्शन छ ऊ  
उसलाई देख्दा त्यसैत्यसै  
मेरो मन रमाएर बुर्कुसी खेलिरहन्छ  
उसलाई अँगाल्दाको न्यानो तातोपन  
मेरा पाखुरा र काखमा  
अहिले पनि बाफिरहेछ  
मेरा पुष्ट गालामा  
उसले किटिक्क टोक्दाको मिठास  
बित्ने समयले जत्ति लुछे पनि तुरिँदैन ।

गिरि, २०७४, लोक्का जवान छ ऊ, पृ. १७३ ।

प्रस्तुत उद्धरणमा समाख्याताले आफ्नो चयन तथा त्यसले सिर्जना गर्ने परिस्थितिप्रति आफ्नै दायित्व रहने आशय प्रस्तुत गरेको छ । आफ्नौ वैयक्तिक चयनका लागि सामाजिक मूल्यमान्यता तथा विधानलाई परिहार गरेको समाख्याताले आफ्नो रोजाइका कारण प्राप्त पीडा तथा चयन गरेको व्यक्तिबाट पाएको पीडासमेत सुरूचिपूर्ण र प्रीतिकर रहेको तथा सम्बोधित रहेको समाख्याताद्वारा चयनित व्यक्तिबाट प्राप्त पीडासमेत प्रिय रहेको विषय उपर्युक्त पङ्क्तिको अन्तर्वस्तुमा प्रस्तुत भएका छन् । आफ्नो चयनका लागि आफूमा कुनै गुनासो नरहेको तथा उससँगको सानिध्य पीडादायी रहे पनि तिनले आफ्नो स्वतन्त्रता कुनै पक्षका आधारमा पनि त्यज्य नरहेको सन्दर्भलाई प्रस्तुत गर्ने यी पङ्क्तिले कवितामा वैयक्तिक चयनको पक्ष सबल रहेको पक्षलाई पुष्टि गरेको छ । व्यक्ति आफ्नो चयनका लागि स्वयम् प्रतिबद्ध रहनुपर्ने भएकाले मान्छेमा अस्तित्वको चेतना जागृत गराउने महत्त्वपूर्ण पक्ष वैयक्तिक चयन नै रहने विषयलाई उपर्युक्त उद्धरणले पुष्टि गरेका छन् । व्यक्तिले आफ्नो अस्तित्वको सर्वोच्चताका लागि आफ्नो चयनलाई प्रतिकूलताका बीच पनि स्वतस्फूर्त पीडालाई पनि सुखद् रूपमा ग्रहण तथा अभ्यन्तरित गर्नुपर्ने विषय निम्नलिखित पङ्क्तिहरूमा प्रस्तुत भएको छ :

मैले

आफूलाई सम्हाल्न नपाउँदै

एक्कासि बलात्कार गऱ्यौ तिमीले
त्यस बेलाका
ती क्रूर आत्मीय क्षणका साक्षी
रगतका कुमारी टाटाहरू
सर्जमिन नभएका बेवारिसे लासजस्तै
छरिएका छन् दोबाटोका ढुङ्गारोडाहरूमा

गिरि, २०७४, चोट, पृ. १७५ ।

अस्तित्ववादी चेतनाले नै मान्छेलाई एकअर्कांबाट भिन्न तुल्याउने तथा त्यसको मुख्यकारक वरणस्वतन्त्रता रहने पक्ष व्यक्तिमा अन्तर्निहित चेतना रहने भएकाले व्यक्तिको चयन नै व्यक्तिव्यक्ति बीचको भिन्नता छुटचाउने आधार रहने गर्दछ । अस्तितववादी दर्शनको पक्षले व्यक्ति स्वतन्त्रता तथा उसको निर्णयले नै उसलाई सर्वोच्चता दिने हुँदा स्वतन्त्रता प्राप्तिको आधार व्यक्तिको चयन वा निर्णयमा निर्धारण हुने विषयलाई उपर्युक्त पङ्क्तिले पुष्टि गरेका छन् । जीवनमा व्यक्तिको अधिकार रहने हुँदा व्यक्तिको निर्णय नै उसको चयन हुने भएकाले आफ्नो स्वस्थापनाका लागि मान्छे जुनसुकै पीडा अङ्गीकार गर्न पनि तयार हुनुपर्दछ जसले मान्छेलाई अर्को व्यक्तिबाट पृथक् तुल्याई अस्तित्वशाली तुल्याउँदछ भन्ने अभिमतलाई उपर्युक्त कवितांशले पुष्टि गरेको छ । मान्छे अस्तित्व प्राप्तिका लागि स्वनिर्णय गर्न बाध्य छ भने यसले नै उसलाई अलग पहिचान दिने भएकाले यो आफैंमा पीडादायी एवम् निस्सार हुने विषयको पृष्ठपोषण निम्नलिखित कवितांशको अन्तर्वस्तु बनेको छ :

हामी लासहरूमाथि निर्धक्क हिँडिरहेछौँ
पृथ्वी पनि लासहरूको एउटा चिहान हो
हामी चिहानमाथि घर बनाउँछौँ
हामी चिहानमा घर बनाउँछौ
हामी भोज खान्छौँ
हामी चिहानमा बाँचिदिन्छौँ
हामी हाँक दिन्छौँ
आफ्नै लासलाई चिहानभित्रबाट
जनक राजाको शिवधनुसितै
अब स्वयंवर छिनिसकेका छन्
हिजोआज लवकुशहरू

गिरि, २०७४, 'म एउटा च्यातिएको पोस्टर', प्रज्ञा आधुनिक नेपाली कविता, पृ. २८४ ।

मान्छेले वरणस्वतन्त्रताको अभ्यास गर्नु वा वैयक्तिक चयनको मार्ग अवलम्बन गर्नु प्रचलित परम्परा विरोधी कार्य रहेकाले यसले व्यक्तिलाई एकाङ्गी वा स्कल अनुभूतिको प्रस्याभूति दिने गर्दछ । अस्तित्व प्राप्तिको आधार भन्नु नै व्यक्तिको चयनमा अन्तर्निर्भर रहने हुँदा उसको चयनका कारण उत्पन्न प्रतिकूलता उसको पीडा तथा एकाकीतर्फ प्रवृत्त गर्नतर्फ अभिमुख हुन्छ भन्ने पक्ष यस

कविताांशको प्राप्ति हो । मानव जीवन निस्सार र निरर्थक त छँदैछ अझ त्यसमा पनि व्यक्तिको चयनले मानिसलाई शून्यतामा पुऱ्याउने विषय निम्नलिखित पङ्क्तिले पुष्टि गर्दछन् ।

म अक्षरको एउटा झन्डा बन्छु पानाभरि
र अक्षरैअक्षरको बतासले मलाई फहराइरहोस्
म अक्षरआक्षर जोडेर
एउटा यस्तो शब्द बनाउँछु
जसले
एउटा सम्पूर्ण युगलाई बलात्कार गरोस्
एउटा सम्पूर्ण अस्तित्वलाई धारेहात लगाइरहोस्
एउटा सम्पूर्ण हुनुलाई अद्‌भूत चटक देखाइरहोस् ।

गिरि, २०७४. 'दुर्ग अक्षरहरूको', प्रज्ञा आधुनिक नेपाली कविता, पृ. २७९-२८० ।

अस्तित्ववादको पुष्टि गर्ने वा अवलम्बन गर्ने वरणस्वतन्त्रताभित्रै वैयक्तिक चयन एउटा मानक हो । वैयक्तिक चयनको बाटो हिँड्दा आइपर्ने अप्ठ्यारा सबै व्यक्तिले आफैं बेहोर्नु पर्दछ । परम्परालाई विरोध गर्दै सामाजिक मूल्य र मान्यतालाई विरोध गर्नै अगाडि बढ्ने हुनाले वैयक्तिक चयन गर्दा मान्छे एक्लो, निरास अनि विसङ्गत हुन्छ । आफूलाइ परम्पराविरोधी एक्लो र निरिह पाउँछ अनि पीडा महसुस गर्दछ । त्यसका बाबजुद पनि एउटा छुट्टै संसारको निर्माण गर्ने आशामा ऊ सङ्घर्ष गरिरहन्छ, विरोध गरिरहन्छ धारे हात लगाइरहन्छ । समाज परिवर्तन गर्ने झिनो आशााले निरासाको चोक्टालाई टोक्दै टुक्रा पारिरहन्छ । यो उसको स्वतन्त्र निर्णय हो । व्यक्तिको चयनले निम्त्याएका निरासा, कुण्ठा र उत्तरदायित्वबोध माथिका कविताका पङ्क्तिहरूले पुष्टि गरेका छन् । व्यक्तिले गरेका वैयक्तिक चयन पछिका विसङ्गत क्लेशहरू कवितामा उल्लेखित पङ्क्तिहरूले प्रष्ट पारेका छन् । गिरिका कवितामा अभिव्यञ्जित वैयक्तिक चयनको विषय अस्तित्ववादी दर्शनको विवेचना गर्ने व्यक्तिसत्ताको परिपूरक रहेका छन् ।

**कवितामा व्यक्तिसत्ता**

सिद्धान्ततः व्यक्तिसत्ता वैयक्तिक चयनको उत्कर्षबाट प्राप्त हुने अहम् प्राप्तिको उत्कर्ष हो भने कवितामा यसको प्रस्तुति व्यक्तिको उच्चता अथवा सर्वोच्चताको अनुभूतिका माध्यमबाट प्रस्तुत भएको हुन्छ । अस्तित्ववादी कविको पहिचान प्राप्त कवि वानीरा गिरिका कवितामा व्यक्तिसत्ताको अभिव्यक्ति वैयक्तिक चयनको उत्कर्षमा रूपमा आएका छन् ।

चोट
पहिलेपहिले
तिम्रो हरेक प्रहार मेरा निम्ति
आगाको मुस्लो हुन्थ्यो
काँडाको बिझाइ हुन्थ्यो

खुकुरीको धार हुन्थ्यो
तर आजभोलि
तिम्रो हरेक प्रहार एउटा स्पर्श बनेको छ
म स्वयम् आगो बल्ने चुलो बनेकी छु
काँडा उम्रने भ्याङ बनेकी छु
गोमनको विषालु दाँत बनेकी छु
औंसीको अँध्यारो रात बनेकी छु

गिरि, २०७४, चोट, समकालीन प्रतिनिधि नेपाली नारी कविता, पृ. १७६-१७६ ।

अस्तित्ववादको पक्षधर व्यक्तिसत्ता हो । व्यक्तिसत्ता मान्छेलाई आफ्नो अस्तित्व कहाँनेर छ भनेर पहिचान गर्ने अनि आफूलाई केन्द्रमा राखेर अन्य कुरालाई किनारमा छाड्ने पहिचानसँग जोडिने विषय हो । व्यक्तिलाई स्वसत्ताको आभाष प्रदान गर्ने र स्वको पहिचान गराउने व्यक्तिसत्ता केही हुनुको आभाष दिलाउने तत्त्व हो । व्यक्तिसत्ता मान्छेमा हावी हुँदा उसले हरेक प्रकारका परिणामलाई आफ्नै उत्तरदायित्व रहने मार्गतर्फ अभिप्रेरित गर्दछ । आफ्नो पहिचान र आफू हुनुको मर्मलाई कायम राखन मान्छे हरदम तयार रहिरहन्छ अनि अन्तयमा चोटपूर्ण, निराशापूर्ण अवस्थामा रहेर पनि स्वको पहिचान गर्दछ र त्यसैलाई चिरस्थायीत्व प्रदान गर्न अग्रसर रहन्छ । उपर्युक्त उद्धरणमा मान्छेमा घटित हुने सबै परिणामलाई व्यक्तिले स्वीकार गरी आफ्नो पहिचानमा र सत्तामा अटल रहन्छ । व्यक्तिसत्ता हावी हुँदा आउने सम्पूर्ण परिणामलाई सहजतापूर्वक लिन सक्ने मान्छेको अस्तित्वशील खबीको माथिका कविताका पङ्क्तिहरूले पुष्टि गरेका छन् । चोटलाई एउटा स्पर्शका रूपमा आभाष गर्ने विसङ्गतिसँगै जोडिएर आउने निराशाा अनि त्यसविचमा व्यक्ति हुनुको आभाष तथा जीवनप्रतिको आशासँगै व्यक्तिका लागि व्यक्तिसत्ताका महत्त्व निम्नलिखित उद्धरणमा मूखरित भएर आएका छन् ।

ऊ मेरो राजकुमार दिक्पाल
स्वर्णिम सपनाको वायुपङ्खीमा ऊबाहेक
कहिले पनि कोही पनि
अर्को विराजमान भएन हुँदैन पनि
जीवन-प्राङ्गणको ईन्द्रजीत ऊ
मेरा कुनै भेदहरू
उसका निम्ति अभेद्य छैनन्
मेरा कुनै गुह्यहरू उसका निम्ति अकाटय छैनन्

गिरि, २०७४, लोक्का जवान छ ऊ, पृ. १७४ ।

व्यक्तिले गरेका स्वतन्त्र निर्णय पश्चात व्यक्तिमा आउने एक प्रकारको निश्चिन्तता माथिका कविताका पङ्क्तिहरूले ओकलेका छन् । व्यक्ति नै सर्वोपरी हो ऊ आफ्नो निर्णय गर्न स्वतन्त्र छ भन्ने स्वपहिचान र आफू हुनुको पहिचानका लागि सङ्घर्ष गरिरहने मानिसको अस्तित्ववादी स्वभाव

हो । उपर्युक्त उद्धरणमा समाख्याताले आफूले चयन गरेको सम्बोधित आफ्नालागि प्रियतर रहेको तथा त्यसविरूद्धका सबै विषय आफ्नालागि आत्मसम्मानको विषय रहेको तर्कले समाख्याताको मानसिकता स्वयम्का निर्णयमा स्थिर रहेको अवधारणामा केन्द्रित रहेको सन्दर्भ व्यक्तिसत्ताको परिचायक रहेको प्रस्ट हुन्छ । यसका अतिरिक्त आफूले गरेका निर्णयमा निश्चिन्त रहेर त्यसका सापेक्षतामा आफ्नो पहिचान खोज्ने सत्तामूखी मानिस र उसले गर्ने सङ्घर्ष, मानसिक तनावका बिचमा मग्न रहेको मानिसको सत्तामूखी प्रवृत्ति प्रबल रहेको कुरालाई माथिका कविताका पङ्क्तिले प्रष्ट्याएका छन् । व्यक्तिसत्ता व्यक्तिलाई केन्द्रमा स्थापित गर्ने तथा व्यक्तिकै अहम्लाई प्राथमिक मान्ने अवधारणा रहेकाले यो व्यक्ति मनोविज्ञानसँग सम्बन्धित हुन आउने पक्षको पृष्ठपोषण निम्नलिखित उद्धरणमा प्रस्तुत भएको छ :

सराप लाग्छ मलाई
यो गर्भासय र यी फूलहरूको
जो काम लाग्न नपाएर फालिएका छन्
फुटेको कसौँडीझैँ
जो काम लाग्न नपाएर सुकेका छन्
रसबिनाको दाखझैँ
शताब्दीपछि
म उभिइदिन्छु समयको ढिस्कोमाथि
एउटा लोककथा बनेर
चोटका डोबहरू छाम्दाछाम्दै
मेरो समय
झ्याङ्ग्वाल परिसकेको हुन्छ ।

गिरि, २०७४, 'म एउटा च्यातिएको पोस्टर', पृ. २८३ ।

अस्तित्ववादको एउटा मानकको रूपमा रहेको व्यक्तिसत्ताको उद्‌वोधक प्रस्तुत कविताांशहरू भएका छन् । व्यक्तिले गरेका स्वनिर्ण अनि त्यस परिणति भोग्न व्यक्ति हरदम तयार रहेको परिपेक्षमा व्यक्तिमा आफू हुनुको अहम अर्थात व्यक्तिसत्ता हावी भइरहेको हुन्छ । आफ्नो भागमा आउने सुखदुख, हाँसो खुसी सबैको भागीदार मानिस नै हुन्छ । मान्छेले आफूलाई सुखी पाए पनि दुखी पाएपनि उसलाई आफूहुनुको महत्व र आफ्नो अहमं रहिरहेको हुन्छ । आफ्नो निर्णयमा आएका समस्याहरूको समाधानमा व्यक्ति हरदम प्रयासरत रहन्छ । व्यक्तिसत्ताको द्योतकको रूपमा रहेको माथिको स्वनिर्णयका रूपमा आउने समस्या र समाधानार्थका प्रयासका कुराहरू माथिका कविताका पंक्तिमा अभिव्यक्त भएका छन् । आफू हुनुको अहम र सत्ताको पृष्ठपोषण गर्ने व्यक्तिसत्ताले व्यक्तिलाई आफ्नो सवोच्चतातर्फ अभिप्रेरित गर्ने विषय रहेकाले यो व्यक्तिको स्वयम्प्रतिको चयन तथा त्यसको उत्तरदायित्वबहन गर्न प्ररित गर्ने भाव समाख्याताले आफ्नो अहम् र स्वप्रतिरक्षाका लागि भ्रूणहत्यालाई सामान्य रूपमा लिएको त्यसको सामाजिक सांस्कृतिक मूल्य आफ्नो प्रतिकूल रहे पनि यो स्वप्रतिरक्षाका लागि महत्त्वपूर्ण कदम रहेको कथ्यसन्देशमा व्यक्तिसत्ताको प्रस्तुति भएको हो ।

म अक्षरहरूको अद्भुत चटक देखाउँछु
अक्षरअक्षर जोडेर एउटा पेन्डोराबक्स उघारिदिन्छु ।
अक्षरहरूको असैह्य वीर्यहरूबाट
एउटा कार्तिकेयको सृजना गर्छु
अक्षरहरूको महायुद्धको नेतृत्वका निम्ति
अक्षरहरूको एउटा अनौठो युगको निर्माण गर्छु ।

गिरि, २०७४. 'दुर्ग अक्षरहरूको', पृ. २८० ।

अक्षर मान्छेलाई स्वअस्तित्व र पहिचान दिने शक्तिशाली माध्यम हो । अक्षर नै मानव पहिचानको आधार रहेकाले यो मान्छेमा व्यक्तिस१ा स्थापित गर्ने सन्दर्भमा यसको महत्त्वपूर्ण भूमिकाका साथै यसैको उपस्थितिले व्यत्तिको अहम्लाई वास्तविक आकृति प्रदान गर्नुका साथै सामाजिक सन्दर्भमासमेत स्थापित गर्ने विषय यस उद्धरणमा प्रस्तुत भएको छ । यस उद्धरणमा समाख्याताले आफूलाई आवश्यक रहेको शक्तिशाली सन्तानको अपेक्षा आफ्नो स्वतन्त्र निर्णयबाट नै हुने तथा यसका लागि आफ्नो अहम् तथा मनोविज्ञान नै प्रथमतः दृढ रहेको विषय अक्षररूपी सङ्केतव्यवस्थामा अन्तर्भूत रहेको मनोविज्ञान र त्यसका लागि परम्परासँगको विद्रोहभित्र व्यक्तिसत्ता शक्तिशाली बनेर प्रस्तुत भएको छ । समाज र संस्कृतिमा अभ्यस्त रहेका समाख्याता इतरका व्यक्ति वा समुदाय आफ्नो मनोविज्ञानको प्रतिकल रहे पनि आफ्ना लागि सङ्घर्ष गर्ने शक्तिशाली कार्तिकेयको सिर्जना आफैंबाट गर्नुपर्ने तथा त्यसका लागि आफ्नो अहम्को भूमिका नै निर्विकल्प रहने हुँदा त्यसका लागि आफू तयार रहेको उद्घोष गर्ने समाख्याताका कथनमा आफ्नो केन्द्रमा मात्र अस्तित्व स्थापित हुने भाव व्यक्तिसत्ताको द्योतक हो । स्वयम्लाई केन्द्रमा राखेर गरिने निर्णय र व्यक्तिको मनोविज्ञानको सर्वोपरितालाई गतिशील तुल्याउने व्यक्तिसत्ताको प्रस्तुति निम्न उद्धरणमा प्रस्तुत भएको छ :

छातीभरि बगरैबगर बोकेकी बाग्मती
आर्यघाटमा आतुरीदान गर्न लागेका
मानिसका कानमा खुसुक्क
पशुगायत्री सुनाउँछे
र आफैं झसङ्ग हुन्छे
"हेर ! मानिस त मानिस नै हुन्
बाग्मतीमा बगाए पनि बालुमतीमा बगाए पनि
उसलाई बाग्मतीबाट बालुमती बनाए पनि
मानव-अधिकार प्रदत्त मानिसलाई
पशुगायत्री सुनाउने ऊ को ?"

गिरि, २०७४. 'पशुगायत्री', पृ. २८१ ।

यस उद्धरणमा नेपाली समाज र आर्यसंस्कृतिका आदिकालीन परम्परा र विश्वाससँग जोडिएको बाग्मती सभ्यताको पहिचान भन्दा पृथक् कथयिताको भूमिकामा बाग्मतीको वर्तमान चित्र प्रस्तुत भएको छ । यस उद्धरणमा प्रश्न, प्रतिप्रश्न तथा लाञ्छनाका बाबजूद् मान्छेलाई सभ्यताको पाठ सिकाउन उद्धत बाग्मती अनेक कोणबाट मान्छेलाई सभ्यता र उत्तरदायित्वबोध गराई ती समुदायभन्दा आफू भिन्न रहनुको कारण आफूमा अन्तर्निहित चेतना मान्छेभन्दा भिन्न र स्वपहिचानयुक्त रहेको अवधारणा प्रस्तुत गर्न सक्षम रहेको छ । यस उद्धरणमा समाख्याताले आजको मान्छेको चरित्र पशुवत् बन्दैगएको सन्दर्भलाई बाग्मतीका माध्यमबाट प्रस्तुत गर्ने सन्दर्भमा आफ्नो मोक्षको कारक बाग्मतीलाई मान्ने मान्छे पाशुपत् क्षेत्रमा बली दिइने पशु तथा बाग्मतीको आवाज बली दिइनुपूर्व पशुका कानमा सुनाइने गायत्री रहेको विम्बका माध्यमबाट बाग्मती अर्थात एक सभ्यताको अहम्लाई प्रस्तुत गरेको छ । यस उद्धरणमा मान्छे र उसको सामूहिक दुष्कार्यको परिणामस्वरूप प्रतिकूलता वा परित्यक्तको व्यक्तिसत्ता वा व्यक्तिगत मनोविज्ञानको अहम् समाख्यातामा विद्यमान रहेको दृष्टिकोण प्रप्त गर्नसकिन्छ । गिरिका कवितामा अभिव्यक्त व्यक्तिसत्ताले मान्छेमा वरणस्वतन्त्रता प्राप्त गर्ने माध्यमका रूपमा प्रस्तुत गर्दै तिनले मान्छेलाई आफ्नो निर्णयप्रति कसरी उत्तरदायी हुन्छ भन्ने पक्षलाई समेत प्रस्तुत गरेका छन् ।

**कवितामा उत्तरदायित्वबोध**

उत्तरदायित्वबोध अस्तित्ववादी दर्शनको पृष्ठपोषण गर्ने मान्छेको वरणस्वतन्त्रतालाई विश्लेषण गर्ने एउटा विषय हो भने यसको प्रयोग तथा उपस्थिति वानीरा गिरिका कवितामा स्पष्ट मुखरित रहेको छ । मान्छेको चयन अर्थात् वैयक्तिक चयनबाट व्यक्तिसत्ता प्राप्त गर्ने मान्छेले आफ्नो चयन वा निर्णयको जिम्मेवार स्वयम् हुनुपर्ने अभिमतका आधारमा व्यक्तिको निर्णयले व्यक्तिलाई अन्यबाट पृथक् तुल्याइसकेपछि त्यसको जिम्मेवारीबोध गर्नुपर्ने अभिलक्षण उत्तरदायित्वबोधको अध्ययनको विषय हो । उत्तरदायित्वबोधबाट नै मान्छेले स्वयम्लाई स्वतन्त्र र अरूभन्दा पृथक् मान्ने तथ्यको पुष्टि हुने भएकाले मान्छे अस्तित्वशाली हुने माध्यम वरणस्वतन्त्रतालाई पुष्टि गर्ने पक्षको उत्कर्ष उत्तरदायित्वबोधका माध्यमबाट प्रकट हुनेगर्दछ । कवि गिरि कविताका माध्यमबाट व्यक्तिको अस्तित्वलाई अभिव्यञ्जित गर्ने स्रष्टा रहेकाले वरणस्वतन्त्रताको प्रकटीकरणका दृष्टिले उनका कविता पठनीय एवम् विश्लेषणीय रहेका छन् । व्यक्तिले आफ्नो निर्णयको प्रतिरक्षा वा आफ्नो चयनको प्रतिरक्षाका लागि ग्रहण गर्ने पीडा पनि उसका लागि प्रीतिकर हुने विषय निम्नलिखित पङ्क्तिमा मुखर उत्तरदायित्वबोधसूचक भावको प्रस्तुति भएको छ ।

तिम्रो परशुको
सशक्त प्रथम प्रहार
मैबाट सुरू गर
दुई आँखाका कुलाबाट
उस्तरी बगेर सित्तियून पानीका धाराहरू
आँखा खडेरी परून् मेरा
हरिया बनून् खेत तिम्रा

र पाकिरहून् चोटका बालीहरू
गिरि, २०७४, चोट, पृ. १७५ ।

आफ्नो चयनले स्वयम्लाई दिने पीडा पनि सुरूचिपूर्ण हुने तथा त्यसलाई ग्रहण गर्न कुनै पनि सास्ति वा सङ्घर्ष नहुने विषय प्रस्तुत उद्धरणको प्रमुख अन्तर्वस्तु हो । आफ्नो चयनका लागि जुनसुकै पीडा पनि सहज तथा सहनसकिने हुने भएकाले तथा पीडाकै अभ्यन्तरमा रहेको आनन्द आफ्नो प्राप्ति रहेको धारणा प्रस्तुत गर्ने समाख्याताले सम्बोधितप्रति लक्ष्यित धारणामा आफ्नो अस्तित्वका लागि जस्तोसुकै धारिला वस्तुको शक्तिशाली प्रहार पनि आफ्ना लागि आहत दिने नभई ती त स्वयम्को जीवनको प्रेरणाको स्रोत रहने तथा तथाकथित रूपमा दिइने त्यसप्रकारका पीडाले आफूलाई जीवन बाँच्ने प्रयोजनका लागि थप शसक्त प्रेरणा नै दिने अवधारणा प्रस्तुत गरेको छ । आफ्नो आज पीडामा व्यतित रहने भएकाले सम्बोधित 'तिम्रो' पीडा दिने समर्थ्य वर्तमानगामी र मेरो चयन विपरीत शक्तिशाली अवश्य रहेको तथापि आफ्नो चयनले स्वयम्लाई चीरकालीन आनन्द दिने भएकाले त्यसको जिम्मेवारीका लागि आफू तयार रहेको विषय उपर्युक्त उद्धरणमा प्रस्तुत भएको छ । वरणस्वतन्त्रता व्यक्तिको निर्णयलाई उत्तरदायी तुल्याउने दर्शनांश रहेकाले यसको प्रभाव व्यक्तिमा मात्र सीमित नरही उससँग जोडिएका अन्यमा पनि परावर्तित हुने तथापि त्यसको उत्तरदायित्व स्वयम्ले लिनुपर्ने विषय निम्नलिखित उद्धरणमा प्रस्तुत भएको छ :

मेरी छोरी
ह्याम्लेट बनोस्
शङ्का र उपशङ्काको जलप पोतिएको
तक्मा भिरोस्
हुनु र नहुनुको त्रिशङ्कु बनी
सर्वदा झुन्डिरहोस्
दुर्भाग्यको सान लगाएर
तलवार टल्काओस्
चोबलोस् टुप्पालाई
पोटासियम सायोनाइडको प्यालामा
र मात्र छोइदेओस्
मेरो घाँटीको रूद्रघन्टीमा
बाध्य गराओस्
छट्पटाई विषमय मृत्यु भोग्न
मजस्ती अपघातिनीलाई

गिरि, २०७४, 'अबैध सम्बन्ध', पृ. २७८ ।

मान्छेले आफ्नो निर्णय आफ्नै स्वतन्त्रता तथा अरूभन्दा भिन्न हुन वा देखिने प्रयोजनका लागि गरे पनि त्यसको दीर्घकालीन प्रभाव आफूसँग जोडित व्यक्तिमा पर्दछ भने यसको प्रभाव दीर्घकालिन

नभई अल्पकालीन रहने गर्दछ । यसप्रकारको अल्पकालीन प्रधावबाट विचलित नभई त्यसको सामना गर्न कटिबद्ध रहे मात्र आफ्नो स्वतन्त्रता प्राप्ति संस्थागत हुने पक्ष यस उद्धरणमा प्रस्तुत भएको छ । समाख्याताले आफ्नो चयनको प्रतिच्छाया आफ्नी छोरीका परावर्तित हुने देख्दादेख्दै पनि स्वयम्को स्वतन्त्रताप्राप्तिको निर्णय गरेको तथा त्यसको जिम्मेवारी आफ्नै रहेको तथ्य स्वीकार गरेको छ । वर्तमानले आफ्नो निर्णयस्वघाती रहेको, विशाक्त तथा समाजका लागि प्रतिकूल रहे पनि त्यो आफ्नो पहिचान स्थापित गर्ने भविष्यसँग जोडिएकाले आफ्नो सन्तानप्रति परम्परा अर्थात् समाजले दुत्कारे पनि त्यसबाट पछि हट्ननसक्ने समाख्याताको कथनबाट व्यक्तिको चयन र निर्णप्रति स्वयम्को उत्तरदायित्व रहेको स्वघोषणा मुखरित भएको छ । अस्तित्ववाद प्रत्येक व्यक्तिको अलगअलग स्वतन्त्रताको पक्षपाती दर्शन रहेको तथापि त्यसको उत्तरदायी व्यक्ति नै हुने अभिमत प्रस्तुत गर्ने दर्शन रहेकाले यसले व्यक्ति र जीवनप्रति उसलाई जिम्मेवार तुल्याउने पक्ष उत्तरदायित्वबोध नै रहने तथा त्यसको बोध समाख्यातालाई रहेको अन्तर्वस्तु उपर्युक्त पङ्क्तिमा प्रस्तुत भएको छ भने तलको उद्धरणमा पनि त्यसप्रकारको विषय प्रस्तुत भएको छ ।

जिन्दगी
यो व्याख्या होइन महाकाव्यको
भूमिका होइन आत्मकथाको
संस्करण होइन आफ्ना कृतिहरूको
म चुलाको प्वालबाट
एउटा जिन्दगी फुकिदिन्छु
र तपेसको चामल छड्काइदिन्छु
र आफ्नो अनुहारलाई धमिलो देखाइदिन्छु
म एउटा च्यातिएको पोस्टर
समयको भित्तामा
ए मान्छे !
च्यातिएका वाक्यका टुक्राहरूमा पटकपटकमा
बेग्लाबेग्लै अर्थहरू नलगाऊ
मैले आफ्नै कहानी बिर्सिसकेकी छु

गिरि, २०७४, ‘म एउटा च्यातिएको पोस्टर’, पृ. २८४-२८५ ।

मान्छेमा अस्तित्ववोध हुनु तथा त्यसको प्राप्तिको लागि स्वयम्को उत्तरदायित्वका लागि मान्छेले गर्नुपर्ने सङ्घर्ष यस उद्धरणमा चित्रण भएको छ । समाख्याताले प्रस्तुत उद्धरणमा आफ्नो जीवनलाई अन्यभन्दा अलग देखाउनका लागि आफूलाई च्यातिएको पोस्टरका रूपमा परिभाषित गरी त्यसको अभ्यन्तरमा रहेका विविध बिम्बका माध्यमबाट जीवन जस्तोसुकै भए पनि त्यसले आफैंलाई परिभाषित गर्ने पक्षलाई प्रस्तुत गरेको छ । आफ्नो अस्तित्व तथा अन्यभन्दा पृथक् तुल्याउनका लागि आफ्नो निर्णयको सर्वोपरिता प्रस्तुत भएको यस उद्धरणले आफ्नालागि अर्थात् आफ्नो अस्तित्वका लागि

प्रत्युत्पादक बिम्ब अथवा ती निर्णयका प्रतिरोधी विषय चुह्लाको प्वालबाट निस्किएको राप, पाक्दै गरेको चामल तथा आगोको रापमा तातिएको तपेसजस्ता बिम्बका माध्यमबाट निर्णयको प्रतिकूलतालाई प्रस्तुत गरे पनि आफ्ना लागि ती सबै सहज हुन तथा आफ्नो निर्णयको उत्तरदायी आफैं रहेको हुँदा ती सामान्य रहेको दृष्टिकोण प्रस्तुत गरेको छ। यसका अतिरिक्त आफ्नो वरण र चयनका विपरीत आएका कुनै पनि निर्णय आफ्ना लागि मान्य नहुने र आफ्नो निर्णयप्रति अन्यको उत्तरदायित्व नरहेको अभिव्यक्ति पनि उपर्युक्त उद्धरणमा भएको छ। मान्छेलाई आइपर्ने जुनसुकै समस्या मान्छेले नै सामना गर्नुपर्ने उत्तर दायित्व निर्धारित विषय मान्ने अस्तित्ववादी दर्शनको उपस्थिति गिरिका कविताको निम्न उद्धरणमा प्रस्तुत भएको छ :

र अन्त्यमा-
अक्षरहरूकै जगेर्नाका निम्ति
अक्षरहरूकै सुरक्षाका निम्ति
अक्षरहरूकै एउटा
सुदृढ दुर्ग बनाउँछु
र अक्षरहरूलाई त्यसैभित्र कैद गरिदिन्छु
र अक्षरहरूलाई त्यसैभित्र कैद गरिदिन्छु।

गिरि, २०७४. 'दुर्ग अक्षरहरूको', पृ. २८०।

अक्षर आफैंमा मान्छेको प्रतीक तथा मान्छेलाई मान्छेको रूपमा परिभाषित गर्ने सङ्केत हो। अक्षरका माध्यमबाट मान्छे मान्छेहुनुको उत्तरदायित्वको बोध गराउने यस उद्धरणमा आफ्नो अस्तित्वको सुरक्षार्थ आवश्यक पर्ने तत्त्व र उत्तरदायित्वको काव्यिक अभिव्यक्ति भएको छ। मान्छे स्वयम्मा एउटा सङ्केतका रूपमा परिभाषित छ भने त्यो सङ्केत एउटा अक्षर हो। अक्षरमा विविधता हुनु नै प्रत्येक मानिस परस्परमा भिन्न हुनु पनि हो। जसरी अक्षरमा एकरूपता छैन भने मान्छेमा एकरूपता वा कुनै पनि परिभाषामा परस्परका अलग अस्तित्व हुने विषय मानव यथार्थ हो। यस अर्थमा मानव अस्तित्व एक अर्कामा पृथक विषय हो भने यसलाई एकै अर्थमा व्याख्या गर्नखोज्नु मानव अस्तित्वलाई अस्वीकार गर्ने मानक रहेकाले ती र त्यसप्रकारका अवधारणालाई रोक्न आफ्नै चयन र व्यक्तिसत्ताको आवश्यकता रहेको पक्षको पृष्ठपोषण उपर्युक्त उद्धरणमा प्रस्तुत भएको छ। आफ्नो स्वरक्षार्थ जुनसुकै कार्य गर्न पनि मान्छे तयार हुनुपर्दछ यही नै अस्तित्वप्राप्तिका लागि मानवीय दायित्व हो भन्ने पक्षको पुष्टि गर्ने यस उद्धरणले व्यक्तिव्यक्तिबीचको अलग पहिचान र त्यसको संरक्षणको उत्तरदायी स्वयम् व्यक्ति नै हुने दृष्टिकोण प्रस्तुत गरेको छ। समाज र सामाजिक मान्यतासँग सङ्घर्ष गरी प्राप्त अस्तित्वको संरक्षण गर्ने उत्तरदायित्व व्यक्तिमा निर्भर रहने तथा व्यक्तिको सङ्घर्ष निष्प्रभावी भएमा त्यसको जिम्मेवार पनि स्वयम् नै हुने पक्षको प्रस्तुति निम्न उद्धरणमा प्रस्तुत भएको छ :

एक धरो नाम मात्रकी बाग्मती
स्वाँस्वाँ हुन्छे कमजोर निर्जला बाग्मती
मन नलागीनलागीकन पशुपतिसँग

बिदा लिन खोज्दाखोज्दै
बालु नै बालुका कोर्राहरूले
लखेट्दैलखेट्दै लग्छन् उसलाई
बालु नै बालुका कोर्राहरूले
लखेट्दैलखेट्दै लग्छन् उसलाई

गिरि, २०७४. 'पशुगायत्री', पृ. २८२ ।

प्रस्तुत उद्धरणमा बाग्मती र त्यसको नियतिका सन्दर्भमा स्थापित भएको बिम्बका माध्यमबाट नारी जीवनको नियतिभित्र उत्तरदायित्वबोधको प्रस्तुति पाइन्छ । यो उद्धरण नेपाली सामाजिक विश्वासअनुरूप पशुपतिनाथको पवित्रतालाई अङ्गीकार गर्ने तथा त्यसको निकटताबाट आफू पनि मोक्षदायिनी हुने अभिलाषा भएकी बाग्मतीमाथि मानव सभ्यताले गरेको प्रहारलाई कथ्यका रूपमा चयन गरी जीवनको पूर्णता खोज्नका लागि पुरूषको अधिनता स्वीकार गर्ने नारी पुरूषलाई नै त्यागगर्ने निष्कर्षमा पुगेको भावसँग जोडिएको छ । बाग्मती पशुपतिनाथसँग जोडिनु उसको चयन हो भने वर्तमानमा मान्छेको असभ्यताका कारण दूषित बन्नु तथा त्यसलाई स्वीकार गर्नु वा त्याग्नु उसको उत्तर दायित्व हो । यसप्रकार आफ्नो चयन र त्यसप्रतिको उत्तरदायित्वको अनुभूति बाग्मतीका माध्यमबाट प्रस्तुत भएको छ । बाग्मती बिम्बका माध्यमबाट मानव जीवनको अभ्यन्तरित पक्षलाई प्रस्तुत गर्ने यस उद्धरणमा मान्छेले आफ्नो चयन तथा त्यसलाई व्यवस्थित गर्ने सन्दर्भमा अनुभूति गर्ने प्रतिकूल परिस्थितिको उत्तरदायी स्वयम् नै हुनुपर्ने विषय बाग्मतीको वर्तमान नियति उसको चयन हो र त्यसको उत्तरदायित्व उसले ग्रहण गरेको सन्दर्भबाट पुष्टि गरेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन वानीरा गिरिका कवितामा अस्तित्ववाद तथा त्यससम्बद्ध वरणस्वतन्त्रता विश्लेषणकेन्द्री अस्तित्ववादको खोजी भएको छ । नेपाली साहित्यमा २०३० को दशकबाट साहित्य क्षेत्रमा प्रवेश गरेकी गिरि विविध विधामा कलम चलाउने स्रष्टा रहे पनि यस अध्ययनमा उनका प्रकाशित कवितामध्ये पाँचवटा कविताको सोद्देश्य चयन गरी तिनमा विद्यमान वरणस्वतन्त्रताको विवेचना भएको छ । वरणस्वतन्त्रता मान्छेलाई अन्यबाट भिन्न तुल्याउने अस्तित्ववादी दर्शनको एक सैद्धान्तिक पक्ष हो । मानवजीवनलाई व्यक्तिगत अस्तित्व, जीवनको व्यक्तिगत अनुभव, तथा व्यक्तिकै केन्द्रमा मात्र विवेचना र बोध गर्नसकिने विषयको प्रतिपादन गर्ने अस्तित्ववाद मानव र मानवतावादी दर्शन हो । मानव जीवनमा वरणस्वतन्त्रता र व्यक्तिगत निर्णयबाट अनुभूति हुने निस्सारता, निरर्थकता, निरूपायता, अनिश्चितता र विवशताको बोधबाट उत्पन्न नैराश्य र व्यक्तिप्रति स्वयम्लाई उत्तर दायी बनाउने विषय अस्तित्ववादको सैद्धान्तिक स्रोत हो भने यसले विश्लेषण गर्ने व्यक्तिमहत्त्व वरणस्वतन्त्रतासँग सम्बन्धित रहने पक्ष हो । अस्तित्ववादअन्तर्गत वरणस्वतन्त्रतालाई यस अध्ययनको सैद्धान्तिक आधार चयन गरी त्यसअन्तर्गत वैयक्तिक चयन, व्यक्तिसत्ता र उत्तरदायित्व विश्लेषण ढाँचाका आधारमा वानीरा गिरिका कविताको विवेचना भएको छ । गिरिका कवितामा वरणस्वतन्त्रताको अभिव्यञ्जना सशक्त रूपमा भएको छ । विश्लेषणका लागि चयन भएका लोक्का जवान छ ऊ, चोट,

पशुगायत्री, म एउटा च्यातिएको पोस्टर, र दुर्ग अक्षरहरूको कवितामा वैयक्तिक चयन अभिव्यक्तिका सशक्त पक्ष हुन् । विश्लेषणका लागि छनोट भएका कवितामा व्यक्तिले आफ्नो जीवनका लागि अन्यभन्दा भिन्न अस्तित्व स्थापनाका लागि सामना गरेका जीवनमा व्यक्तिको अधिकार रहने हुँदा व्यक्तिको निर्णय नै उसको चयन हुने भएकाले आफ्नो स्वस्थापनाका लागि मान्छे जुनसुकै पीडा अङ्गीकार गर्न पनि तयार हुनुपर्दछ जसले मान्छेलाई अर्को व्यक्तिबाट पृथक् तुल्याई अस्तित्वशाली तुल्याउँदछ भन्ने वैयक्तिक चयनसम्बद्ध अभिमत प्रस्तुत भएको छ । उपर्युक्त कवितामा मान्छेले स्वनिर्णयका आधारमा स्थापित गरेको पहिचान र त्यसलाई संस्थागत गर्ने सत्ता व्यक्तिसत्ताका रूपमा प्रतिफलित भई व्यक्तिसत्ताले मान्छेमा वरणस्वतन्त्रता प्राप्त गर्ने माध्यमका रूपमा प्रस्तुत गर्दै तिनले मान्छेलाई आफ्नो निर्णयप्रति कसरी उत्तरदायी हुन्छ भन्ने आधार प्रस्तुत गरेका छन् । मान्छे आफ्नो निर्णयप्रति जवाफदेही एवम् उत्तरदायी हुनुपर्दछ भन्ने पक्ष जीवन अरूबाट निर्देशित र अन्यको सिद्धान्तअनुकुल प्रवाहित हुने विषय नभई यो त व्यक्तिको स्वयम्प्रतिको निर्णय र त्यसको जवाफदेहिता बहन गर्नसक्ने सामर्थ्यबाट मात्र प्राप्त हुने विषय हो भन्ने वरणस्वतन्त्रता प्रस्तुति भएको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भसूची


गिरि, वानीरा (२०७४), *लोक्का जवान छ ऊ, समकालीन प्रतिनिधि नेपाली नारी कविता,* नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरि, वानीरा (२०७४), *चोट, समकालीन प्रतिनिधि नेपाली नारी कविता,* नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरि, वानीरा (२०७४), *पशुगायत्री, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरि, वानीरा (२०७४), *म एउटा च्यातिएको पोस्टर, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरि, वानीरा (२०७४), *दुर्ग अक्षरहरूको, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरि, वानीरा (२०७४), *अबैध सम्बन्ध, प्रज्ञा आधुनिक नेपाली कविता,* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग - २* (पाँचौं संस्क.), साझा प्रकाशन ।

नागेन्द्र (सम्पा).(सन् १९६८/१९९८), *मानविकी पारिभाषिक कोश (मनोविज्ञान खण्ड)* (दोस्रो संस्क.), राजकमल प्रकाशन ।

नित्से, फ्रेडरिक (सन् २००५), *जरतुष्ट्र ने यह कहा,* अनु. शेरजंग और निर्मला शेरजंग, राधाकृष्ण प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद*, नेपाली आख्यान समाज ।

Camus, A. (n.d.). *The myth of sisyphus*. Justin O'Brien (Trsns.). Penguin Books.

Cuddon, J. A. (2013.) *A dictionary of literary terms & literary theory* (5th ed.). Clarion Books.

Harder, J. (1953). Satre's existentialism and humanism. *Studies in Philosophy*, 49(3), 543-547.

Harvey, S. P., & Heseltine, J.E. (1959/1961). *The Oxford companion to French literature.* Oxford University Press.

Hidegger, M. (1962). *Being and time*. Jhon Macquarrie Edward Robinson (Trsns.). Basil Blackwell Publisher Ltd.

Hidegger, M. (1977). *Basic writings*. Devid Farell Krell (Ed.). Harper Collings Publisher.

Husserl, E. (1970). *The crisis of European science and transcendental phenomenology*. Devid Carr (Ed.). Northwestern University Press.

Sartre, J. P. (2003). *Being and nothingness*. Hazel E. Barness (Trsns.). Routledge Classics.

Sartre, J. P. (2007). *Existentialism is a humanisn*. Carol Macomber (Trans.). Basil Blackwell Publisher Ltd.

Satre, J. P. (2011) *Existentialism and human emotions*. Open Road Integrade Media.

Tulak, D.M. (1952). Satreian existentialism. *The Pholoshophical, Quarterly (6),* 31-52.